**मुक्तिनाथ दर्शन सेवा**

दैनिक माइक्रोबस छुट्ने समय : बिहान ६:३० बजे

**पोखरा साइडसिन सेवा**

पोखरा उपत्यका घुम्नका लागि बस छुट्ने समय : बिहान ९:०० बजे

रुट नं. १ : पुम्दीकोट, शान्ति स्तुपा, डेभिजफल, फेवाताल, विन्ध्यवासिनी मन्दिर, महेन्द्र गुफा

रुट नं. २ : बेगनास ताल, रुपा ताल, इन्टरनेशनल माउन्टेन म्युजियम, पचभैया वन्यजन्तु चिडियाघर

**मानसरोवर ट्राभल एण्ड टुर्स प्रा.लि.**

नागढुंगा, पोखरा-९, फोन नं : 061-589012 544439, 9856051659, 9856034631



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा

कलर भिजिटिङ कार्ड साथै

तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २६ ❑ अङ्क १७५ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८२ असार २३ गते सोमबार ❑ 7 July 2025 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## पोखरामा डेङ्गी रोकथामका लागि यस्तो छ तयारी

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार

इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका अनुसार हालसम्म ७३ जिल्लामा डेङ्गी रोगको सङ्क्रमण फैलिइसकेको छ । महाशाखाले यस वर्ष ६० हजारभन्दा बढीमा डेङ्गी सङ्क्रण हुने चेतावनीसहित सतर्कताका लागि अनुरोध गरिरहेको छ । साउनदेखि कात्तिकसम्म डेङ्गी सङ्क्रमणको जोखिम उच्च रहने भएकाले त्यसपूर्व नै सङ्क्रमण रोकथाम तथा व्यवस्थापनका लागि तीनै तहका सरकारले तयारी सुरु गरिसकेका छन् ।

गत वर्ष डेङ्गी सङ्क्रमणको 'हटस्पट' बनेको गण्डकी प्रदेश राजधानी पोखरामा पनि समुदायस्तरमा सचेतनार अभिमुखीकरण कार्यक्रम सञ्चालन भइरहेका छन् । पोखरा महानगरपालिका स्वास्थ्य महाशाखाका जनस्वास्थ्य निरीक्षक राजेन्द्र रेग्मीले महानगरको लेखनाथ क्षेत्रमा फाट्टफुट्ट डेङ्गीको सङ्क्रमण देखिन सुरु भएको बताउनुभयो । "डेङ्गी सङ्क्रमणको उच्च जोखिम रहने समय नजिक आइरहेकाले रोकथामका उपायबारे समुदायमा अभिमुखीकरणको काम गरिएको छ", उहाँले भन्नुभयो, "हाल कक्षा ७ देखि १० सम्मका विद्यार्थी, महिला स्वास्थ्य स्वयम्सेवीकालगायतलाई डेङ्गी सङ्क्रमण रोकथामका विषयमा सचेतना प्रदान गरिएको छ ।"

जनस्वास्थ्य निरीक्षक रेग्मीले डेङ्गी परीक्षणका लागि 'किट' व्यवस्थापन र स्वास्थ्यकर्मीको क्षमता अभिवृद्धिका काममा पनि महानगरको स्वास्थ्य महाशाखा लागिरहेको बताउनुभयो ।

गत वर्ष पोखरा महानगरपालिकामा मात्र आठ हजार ६०० जनाभन्दा बढीमा डेङ्गी सङ्क्रमण भएको थियो । डेङ्गी सङ्क्रमणबाट पोखरामा तीन जनाको मृत्यु भएको थियो । त्यसबेला प्रदेश स्वास्थ्य मन्त्रालयले पोखरा डेङ्गी सङ्क्रमणको 'हटस्पट' बनेको उल्लेख गरेको थियो । गत वर्ष भदौ पहिलो हप्तादेखि असोज पहिलो हप्तासम्ममा यहाँ छ गुणाले डेङ्गी सङ्क्रण बढेको थियो । महानगरपालिकाले लामखुट्टेको बासस्थान खोज्ने र नष्ट गर्ने अभियान वडा तहदेखि नै सुरु गर्दै आए पनि डेङ्गी रोकथाम चुनौतीपूर्ण बन्दै गएको जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । "हरेक व्यक्ति, परिवार र समुदाय सचेत नभएसम्म डेङ्गी रोकथाम र नियन्त्रण गर्न कठिन छ । त्यसैले यस वर्ष सबैलाई सचेत रहन आग्रह गरिरहेका छौँ", उहाँले भन्नुभयो । डेङ्गी फैलाउने लामखुट्टेको टोकाइबाट जोगिन घर, कार्यालय र सार्वजनिकस्थलमा पानी जम्ने खाल्डाखुल्डी, पुराना टायर, ड्रम, भाँडाकुँडा आदिमा पानी जम्मा हुन नदिने र त्यस्ता स्थल भेटिएमा नष्ट गर्न पनि आग्रह गरिएको छ । डेङ्गी रोग सार्ने 'एडिस एजिप्टाई' जातको पोथी लामखुट्टेको बासस्थान सबैभन्दा बढी पुराना टायरभित्र जमेको सफा पानीमा रहने गरेको जानकारहरूको भनाइ छ । सफा र जमेको पानीमा उक्त लामखुट्टेले फुल पार्ने र लार्भा हुर्काउने गर्दछ । लामखुट्टेको सोही जीवनचक्र खल्बल्याउन बासस्थान खोज्ने र नष्ट गर्ने अभियान सञ्चालन गर्ने गरिएको हो । लामखुट्टेको टोकाइबाट बच्नु नै डेङ्गी नियन्त्रणको उत्तम उपाय भएको धवलागिरि प्रादेशिक अस्पतालका प्रमुख डा किरण तिवारीले बताउनुभयो ।

उहाँका अनुसार गत वैशाखयता दुई जना डेङ्गी सङ्क्रमित उक्त अस्पताल आएका छन् । सङ्क्रमितले तुरुन्त परीक्षण गरी आवश्यकताअनुसार उपचार सुरु गर्नुपर्ने डा तिवारीको भनाइ छ । डेङ्गीको सङ्क्रमणपछि एक्कासी उच्च ज्वरो आउने, रक्तस्राव हुने, टाउको, शरीर दुख्नेजस्ता लक्षण देखापर्ने उहाँले बताउनुभयो । सङ्क्रमण जटिल बनेर मानिसको मृत्युसमेत हुनसक्ने भएकाले डेङ्गीलाई सामान्य रूपमा नलिन अस्पताल प्रमुख डा तिवारीको आग्रह छ । "डेङ्गी सङ्क्रमण हुँदैमा आत्तिहाल्नु पर्दैन र अधिकांश डेङ्गी सङ्क्रमित सामान्य उपचारपछि निको हुने गरेका छन् । सङ्क्रमणपछि बान्ता भइरहने, नाकबाट रगत आउने, कालो दिसा हुने, थकानजस्ता लक्षण देखिएमा भने चिकित्सकको विशेष निगरानीमा उपचार गर्नुपर्ने हुनसक्छ", प्रमुख डा तिवारीले भन्नुभयो,"डेङ्गी भएमा आराम गर्ने, झोलिलो पदार्थ प्रशस्त पिउने र जथाभावी औषधि सेवन गर्न हुँदैन । अधिकांश डेङ्गी सङ्क्रमित सामान्य उपचारपछि निको हुने गरेका छन् । प्रमुख चिकित्सक तिवारीले बताउनुभयो ।" गर्भवती र बालबालिकामा डेङ्गीको सङ्क्रमण भएमा स्वास्थ्यमा जटिलता निम्तनसक्ने खतरा हुने हुँदा उच्च सावधानी अपाउन उहाँको आग्रह छ ।

गत वर्ष कास्की, तनहुँलगायत जिल्ला डेङ्गी सङ्क्रमणबाट बढी प्रभावित बनेका थिए । असारदेखि कात्तिकसम्म डेङ्गीको सङ्क्रमण बढी फैलने गर्छ । समयमा जोखिम न्यूनीकरण र नियन्त्रण गर्न नसके डेङ्गीले महामारीको रूप लिनसक्ने जनस्वास्थ्य निरीक्षक रेग्मीले बताउनुभयो । जनघनत्व बढी भएका ठाउँमा डेङ्गी छिटो फैलने हुँदा सहरी क्षेत्रमा विशेष सावधानी अपनाउनुपर्ने उहाँको भनाइ छ ।

## गुणस्तरीय शिक्षाले रित्याएका गाउँहरू पुनः भरिनेछन् : मन्त्री बस्याल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार



गण्डकी प्रदेशका उद्योग तथा पर्यटन मन्त्री मित्रलाल बस्यालले गाउँहरू रित्याउनुको प्रमुख कारण शिक्षा र स्वास्थ्यको कमजोर अवस्था भएको उल्लेख गर्दै, गुणस्तरीय शिक्षा मार्फत गाउँहरूलाई पुनः जीवन्त बनाउन सकिने धारणा व्यक्त गरेका छन् ।

स्याङ्जाको कालीगण्डकी गाउँपालिकाले कास्कीको कृषि अनुसन्धान निर्देशनालय, लुम्लेमा आयोजना गरेको 'हाम्रो खुसी' पाठ्यक्रम दृष्टिकोण निर्माण सम्बन्धी पाँच दिने कार्यशालाको आइतबार समापन कार्यक्रममा बोल्दै मन्त्री बस्यालले ग्रामीण क्षेत्रको समृद्धिको मूल आधार शिक्षा प्रमुख रहेको दाबी गरेका हुन् ।

"गाउँमा गुणस्तरीय शिक्षा दिने वातावरण बनेमा बजार र विदेशिएका युवाहरूलाई पनि गाउँ फर्काउन सकिन्छ," उनले भने, "गाउँ बस्ने वातावरण बनाउन शिक्षकहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक छ ।" शिक्षा र स्वास्थ्यलाई जीवनको जग मान्दै मन्त्री बस्यालले संघीय सरकारसँगै स्थानीय तहलाई शिक्षा सम्बन्धी पाठ्यक्रम निर्माणको अधिकार प्राप्त भएकाले त्यस अनुरूप काम भइरहेको जानकारी समेत दिए । कार्यक्रममा भारतीय शिक्षा बोर्डका सल्लाहकार श्रवण कुमार शुक्लाले प्रशिक्षण गराएका थिए । मानव जीवनको बारेमा र शिक्षकको आचरणको बारेमा बुझाउनुका साथै आत्मपरिचय र मूल्यमा आधारित जीवन शैलीतर्फ सोच्न उनले आग्रह गरे । लाभ वा सुविधा भन्दा पनि जीवनको उद्देश्य र सकारात्मक सोचले भरिएको शिक्षाले समाजमा परिवर्तन ल्याउन सक्ने उनले जनाए । कार्यक्रमका अध्यक्ष तथा गाउँपालिका प्रमुख खिम बहादुर थापाले शिक्षालाई व्यवहारिक, जीवनमुखी, सकारात्मक र परिवर्तनमुखी बनाउने उद्देश्य सहित कार्यक्रम सञ्चालन गरिएको जानकारी गराए । पलिकाका बिद्यालयहरुलाई अब पाठ्यक्रम मात्र सिमित नगरी जीवन उपयोगी शिक्षा दिन कास्कीबाटै उनले शिक्षकहरुलाई निर्देशन दिए । कालीगण्डकीका उपाध्यक्ष सावित्रा कोईरालाले विद्यालयको प्रभाव घरघरमा पुऱ्याउने उद्देश्यले यस्तो तालिम आयोजना गरिएको बताइन् ।

मध्यबिन्दु नगरपालिकाका शिक्षा महाशाखा प्रमुख पदमराज आचार्य, तालिम सहभागी शिक्षिका शान्ता ज्ञवाली, शिक्षक कमलप्रसाद न्यौपाने, कालीगण्डकी गाउँपालिकाका शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख बिर्मा विष्ट लगायतले तालिमले विद्यालयलाई अझ जीवन उपयोगी बनाउने विश्वास व्यक्त गरे । कार्यक्रममा कालीगण्डकी गाउँपालिकाका माध्यमिक तथा आधारभूत विद्यालयका प्रधानाध्यापक, शिक्षक, पालिका प्रमुख-उपप्रमुख, शिक्षा महाशाखा प्रतिनिधिहरूको सहभागिता रहेको थियो। साथै, कावासोती नगरपालिका र बिन्दु नगरपालिकाबाट समेत प्रतिनिधिहरू कार्यशालामा सहभागी थिए ।

## कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रूपमा अघि बढाइने: प्रधानमन्त्री ओली

**रासस**
काठमाडौं, २२ असार

प्रधानमन्त्री केपी शर्मा ओलीले कर्णाली करिडोरलाई चीन र भारतसँगको व्यापारिक मार्गका रूपमा अघि बढाइने बताउनुभएको छ । उहाँले कर्णाली करिडोर कर्णाली र हुम्लावासीको मात्र नभई दुई छिमेकी देशसँगको व्यापारिक मार्ग भएकाले यसलाई तत्काल दुई लेनको बनाइनुका साथै कालोपत्र गर्दैलैजाने बताउनुभयो ।

प्रधानमन्त्री ओलीले खार्पुनाथ गाउँपालिका-५ चुवाखोलामा आइतबार एक समारोहबीच बेलिब्रिजको उद्घाटन गर्दै कर्णाली करिडोरअन्तर्गत पर्ने चुवाखोलामा छिट्टै पक्की पुल निर्माण गरिने बताउनुभयो । उहाँले हुम्ला सदरमुकाम सिमकोट औपचारिक रूपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएकामा खुशी व्यक्त गर्नुभयो । हुम्लालाई राष्ट्रिय सडक सञ्जालसँग तथा त्रिदेशीय सीमासँग जोड्न बेलिब्रिज निर्माण गरिएको उल्लेख गर्दै प्रधानमन्त्री ओलीले यहाँ निर्माणाधिन पक्कीपुललाई निरन्तरता दिएर हुम्लालाई मात्र नभएर देशलाई समृद्धिको बाटोतर्फ डोऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो । अप्ठयारो ठाउँमा ढलान गरेर भए पनि सडक स्तरोन्नति गर्दैलैजाने उहाँको भनाइ थियो ।

प्रधानमन्त्री ओलीले छिमेकी मुलुक चीनसँग जोडिएको हिल्सा नाकामा क्वारेन्टाइन निर्माण गरिने प्रतिवद्धता जनाउनुभयो । उहाँले यहाँ व्यापार व्यवसायको ठूलो सम्भावना भएको उल्लेख गर्दै छिमेकी मुलुकसँग व्यापार व्यवसाय गर्न पनि क्वारेन्टाइन तत्काल स्थापना गर्न आवश्यक भएको बताउनुभयो ।

हुम्लालाई सडक सञ्जालसँग जोड्न नेपाली सेनाले गत वर्ष चैत १० गतेदेखि चुवाखोलामा बेलिब्रिज जडान गर्न सुरु गरेको थियो । उक्त बेलिब्रिजको उद्घाटन गर्न प्रधानमन्त्री ओली नेपाली सेनाको हेलिकप्टरमा आज काठमाडौँबाट सुर्खेत हुँदै खार्पुनाथ पुग्नुभएको हो । उहाँ यहाँ आइपुग्नुहुँदा स्थानीयले बाँजागाँजासहित स्वागत गरेका थिए । प्रधानमन्त्री ओलीका साथमा रक्षामन्त्री मानवीर राई, भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, नेकपा (एमाले) का उपमहासिचव प्रदीप ज्ञवाली, कर्णाली प्रदेशका प्रदेश प्रमुख यज्ञराज जोशी, मुख्यमन्त्री यामलाल कँडेल, नेपाली सेनाका प्रधानसेनापति अशोकराज सिग्देल, पूर्वाधार मन्त्रालयका सचिव केशवकुमार शर्मालगायत हुम्ला पुग्नुभएको थियो । कर्णाली करिडोर निर्माण आरम्भ भएको २६ वर्षपछि हुम्ला सदरमुकाम सिमकोट औपचारिक रूपमा राष्ट्रिय सडक सञ्जालसँग जोडिएको छ । सरकारले राष्ट्रिय गौरवको आयोजनाका रूपमा अघि बढाएको कर्णाली कोरिडोरअन्तर्गत खार्पुनाथ-५ चुवाखोलामा यही असार १० गते नै बेलिब्रिज निर्माण सम्पन्न गरिएको नेपाली सेनाले जनाएको छ । यसले कर्णालीलाई उत्तर र दक्षिण अन्तरदेशीय सडक सञ्जालसँग जोड्ने छ ।

## खराब कर्जा बढ्दा बैंक तथा वित्तीय संस्थामा समस्या: गभर्नर पौडेल

**रासस**
काठमाडौं, २२ असार

नेपाल राष्ट्र बैंकका गभर्नर डा विश्वनाथ पौडेलले कृषि र साना तथा मझौला उद्यमजस्ता प्राथमिकता प्राप्त क्षेत्रमा खराब कर्जा बढ्दा बैंक तथा वित्तीय संस्थामा समस्या देखिएको बताउनुभएको छ ।

ठूला उद्यमी तथा व्यवसायीलाई हेरेर मात्र मौद्रिक व्यवस्था ल्याइँदा यो समस्या समाधान नहुने उहाँको भनाइ छ । नेपाल आर्थिक पत्रकार समाज (सेजन) ले आज यहाँ आयोजना गरेको पूर्व-मौद्रिक नीति छलफल कार्यक्रममा गभर्नर पौडेलले कृषि र साना तथा मझौला उद्योगको समस्यालाई केन्द्रमा राखेर अरु सबै क्षेत्रलाई सँगसँगै लैजाने गरि आगामी आर्थिक वर्ष २०८२/८३ को मौद्रिक नीति ल्याउने तयारी भइरहेको बताउनुभयो ।

"हामीले बढी कर्जा प्रवाह होस् भन्ने चाहना राखेका कृषि र साना तथा मझौला उद्यम क्षेत्रको खराब कर्जा बढेको छ, यो समस्यालाई कसरी समाधान गर्ने भन्नेमा हामी बढी केन्द्रित हुनुपर्ने छ", गभर्नर पौडेलले भन्नुभयो, "अस्थिरताका बेला सबै क्षेत्र प्रभावित हुन्छन्, त्यसकारण सबैलाई सकेसम्म माथि लिएर जाने हो, धनीहरुको एउटा समूह र कृषक तथा साना उद्यमीको अर्को समूह सिर्जना गर्न हुँदैन भन्नेमा हामी चनाखो हुनुपर्ने छ, ऋणमा सबैको हक लाग्नुपर्छ, सबैको पहुँच हुनुपर्छ ।"

त्यस्तै मुलुकको समग्र अर्थतन्त्र र वित्तीय क्षेत्रमा देखिएको समस्या समाधान गर्ने विषय राष्ट्र बैंकको हातमा मात्र नरहेको उहाँको भनाइ छ । अहिलेको समस्या समाधानका

बाँकी अन्तिम पृष्ठमा ▶▶




# कफुचे–कोरी पदमार्गको स्तरोन्नति गरिँदै

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार



कास्कीको मादी गाउँपालिका-१ स्थित कफुचे-कोरी पदमार्गअन्तर्गत नौलाबाट नौटा हुँदै कोरी जाने पदमार्गको स्तरोन्नति अघि बढाइएको छ।

मादमे खोला जलविद्युत् आयोजनाको रु ३० लाखको सहयोग एवं मादी गाउँपालिका-१ र स्थानीय सरोकार भएका समितिको सहकार्यमा पदमार्गको स्तरोन्नति अघि बढाइएको हो।

पदमार्गअन्तर्गत नौलाबाट नौटा हुँदै कोरीसम्मको पदमार्ग स्तरोन्नति भइरहेको मादी-१ का वडाध्यक्ष एवं सरोकार भएका समितिका संयोजक देवीजङ्ग गुरुङले जानकारी दिनुभयो। उहाँका अनुसार आयोजनाबाट रु १० लाख प्राप्त भई काम भइसकेको छ भने रु २० लाख लागतको काम भइरहेको छ। पछिल्ला समयमा यस पदमार्गमा स्वदेशी तथा विदेशी पर्यटकको आकर्षण बढिरहेको बताउँदै उहाँले यस क्षेत्रलाई पदयात्रा पर्यटनमार्फत विकास गर्ने लक्ष्यका साथ आफूहरू लागिरहेको उल्लेख गर्नुभयो। कफुचे-कोरी पदमार्ग आफैँमा विशिष्ट प्रकृतिको छ। कफुचे हिमतालदेखि कोरीलाई जोड्ने यस पदमार्ग हिमतालको अवलोकनसँगै समयसमयमा खस्ने हिमपहिरोको अवलोकनका लागि पनि पर्यटकको रोजाइमा पर्ने गरेको कफुचे पर्यटन व्यवसायी उपसमितिका सचिव कृष्ण गुरुङले जानकारी दिनुभयो।

अन्नपूर्ण दोस्रो र चौथो हिमालको बीचबाट कुनै समयमा हिमपहिरो बनेको अनुमान गरिने यस ताल समुद्री सतहबाट दुई हजार ४२१ मिटर उचाइमा रहेको छ। कूल १० हजार ४४० वर्गमिटर क्षेत्रफलमा फैलिएको कफुचेलाई विश्वको कम उचाइमा अवस्थित हिमतालका रूपमा दाबी गरिएको वडाध्यक्ष गुरुङले उल्लेख गर्नुभयो। आँखै अगाडि हिमाल, हिमापहिरोका साथै हरियो र निलो मिश्रित रङको तालको पानीमा घामका किरणहरू पर्दाको मनोरम दृश्य यहाँको प्रमुख आकर्षण हो। कपुचे हिमताललाई स्थानीय गुरुङ भाषामा ‘क्हफुचे’ भनिने बताउँदै वडाध्यक्ष गुरुङले क्हको अर्थ हिउँ, फुको अर्थ डल्लो र चेको अर्थ समथर भू-भाग भन्ने बुझिने जानकारी दिनुभयो।

क्हफुचेबाट अपभ्रंश हुँदै यस ताललाई कपुचे, कफुचे रूपमा लिने गरिएको स्थानीयवासी बताउँछन्। बजारबाट नजिकको हिमताल कफुचेको शान्त वातावरणसँगै वर्षात्का समयमा यहाँ फूल्ने विभिन्न प्रजातिका रङ्गीविरङ्गी फूलहरूले फूलेर वनपाखा मनमोहक देखिन्छन्।

यस पदमार्गअन्तर्गतको अर्को गन्तव्य कोरी जहाँबाट आँखै अगाडि लमजुङ माछापुच्छ्रे, अन्नपूर्ण दोस्रो र चौथो, थ्री सिस्टर आदि हिमाललाई नजिकबाट नियाल्न सकिन्छ। पर्यटकीय गाउँ सिक्लेसबाट हुगु हुँदै नौलाखर्क, नौटा हुँदै करिब नौ घण्टा उकालो यात्रा गरेपछि समुद्री सतहबाट तीन हजार आठ ५० मिटर उचाइमा रहेको कोरीडाँडा पुगिन्छ।

यो पदयात्राका क्रममा पर्यटकले अन्नपूर्ण र लमजुङ हिमालबाट समयसमयमा खस्ने हिउँपहिरो अवलोकन गर्दै जङ्गल, परम्परागत गोठ हुँदै उकालो चढ्ने होटल आइसफलका सञ्चालकसमेत रहनुभएका पर्यटन व्यवसायी कृष्ण गुरुङले जानकारी दिनुभयो।

यस जाने मार्गमा रहेको पाखामा गुरासैगुराँसको जङ्गल छ। वसन्तयाममा यहाँ रङ्गिएर मनमोहक बन्छ भने जेठतिर खर्कहरूमा फुल्ने मनमोहक फूलले जोकोहीलाई लोभ्याउँछ।

प्राचीनकालमा कोरी सिक्लेस हुँदै मनाङ र लमजुङ जाने परम्परागत मार्ग प्रचलनमा रहँदा बटुवाहरू बास बस्ने थलो र गोठालाको खर्क थियो। नुन लिन जाने मार्गका रूपमा पनि यसले चासो र चर्चा कमाएको थियो। हाल चार वटा होटल रहेको कोरीमा पछिल्लो समय हाइकिङ र बिदामा घुमघामका लागि आन्तरिक पर्यटक आउनेक्रम बढिरहेको उहाँले बताउनुभयो।

हिमाललाई जरोबाट टुप्पैसम्म एकसाथ अवलोकन गर्न पाउने कोरीमा पुग्न ठाडो उकालोका कारण थकित बनेका पदयात्री यहाँ आइसकेपछि देखिने दृश्यले सबै थकान बिर्सने पथप्रदर्शकहरू बताउँछन्।

पदमार्गमा असारको समयमा बढी झाडी हुने तथा ठाउँठाउँमा पहिरो खस्ने जोखिमीका कारण एक महिना पदयात्रा रोकिएको जानकारी दिँदै गुरुङले साउन लागेसँगै पुनःसञ्चालनमा ल्याउने तयारी गरिएको बताउनुभयो। भइरहेको स्तरोन्नतिसँगै यो पदमार्ग यहाँ आउने पर्यटकका लागि अझै सहज हुने उहाको भनाइ छ।

# रेवान पोखराद्वारा स्वच्छ खाद्य सेवा तालिम प्रदान

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार




रेस्टुरेन्ट एण्ड बार एसोसिएसन अफ नेपाल रेवान पोखराको आयोजना तथा नेपाल पर्यटन बोर्ड गण्डकी प्रदेशको सहयोग, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराको प्राविधिक सहयोगमा एक दिने रेस्टुरेन्ट तथा होटलमा सुरक्षित र स्वच्छ खाद्य सेवा तालिम कार्यक्रम सम्पन्न भएको छ।

कार्यक्रमको उद्घाटन समारोहमा बोल्दै नेपाल पर्यटन बोर्ड गण्डकीका कार्यालय प्रमुख मणी राज लामिछानेले पोखरा पर्यटकीय राजधानी सहर भएकाले यहाँ आउने पर्यटकलाई स्वास्थ्य खाना पस्किनुपर्नेमा जोड दिनुभयो। तालिम पश्चात् पोखराको खाद्य गुणस्तरमा थप सुधार आउने उहाँले अपेक्षा व्यक्त गर्नुभयो। रेवान पोखराका अध्यक्ष विश्वराज पौडेलले पछिल्लो समय पोखराका रेस्टुरेन्ट तथा होटलका भान्साघरमा उल्लेख्य सुधार आएको बताउनुभयो। पाहुनाहरूलाई स्वस्थकर खानाले स्वागत गर्नका लागि रेवानले बेलाबखत आफु मातहतका रेस्टुरेन्टमा कार्यरत कर्मचारीहरूलाई खाद्य सचेतना सम्बन्धी तालिम प्रदान गर्दै आएको जनाउनुभयो।

के कस्ता खाद्यवस्तु प्रयोग गरी खानालाई सुरक्षित गर्न सकिन्छ भन्ने विषयमा तालिम केन्द्रित रहेको खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय पोखराका प्रमुख खाद्य अनुसन्धान अधिकृत नवराज दाहालले बताउनुभयो। कार्यालयका खाद्य अनुसन्धान अधिकृत दीपक कुँवर र प्रदिप काफ्लेले तालिममा सहजिकरण गर्नुभएको थियो।

एकदिन तालिममा विभिन्न होटल तथा रेस्टुरेन्टमा कार्यरत ८० जना म्यानेजर तथा सेफहरूले भाग लिएका थिए। रेवान पोखराका महासचिव वीरेन्द्र शेरचनले तालिममाथि प्रकाश पार्दै तालिममा सिकेका कुराहरूलाई व्यवहारमा उतार्न सहभागीहरूलाई आग्रह गर्नुभएको थियो।

# रोटरी क्लब अफ पोखरा मिडटाउनको अध्यक्षमा पौडल

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार



रोटरी क्लब अफ पोखरा मिडटाउनले आफ्नो २४औं पदस्थापन समारोह हालै सम्पन्न भयो। सो समारोहमा क्लबको २०२५/२६ कार्यकालका लागि नवनियुक्त अध्यक्ष उपेन्द्रप्रसाद पौडेलले पदभार ग्रहण गरे।

कार्यक्रमका प्रमुख अतिथि रोटरी इन्टरनेशनल डिष्ट्रिक्ट ३२९२ (नेपाल-भुटान) का डिष्ट्रिक्ट गभर्नर इलेक्ट विष्णुबहादुर कार्कीले उद्घाटन गरेका थिए। कार्यक्रममा प्रेसिडेन्ट इलेक्ट सङ्गिता तिमिल्सिनाले स्वागत गरेकि थिइन। नवनियुक्त अध्यक्ष पौडेलको परिचय मिडटाउन क्लवका पूर्व अध्यक्ष सन्तोष पोखरेलले गरे भने वर्ष २०२४।२५ का सचिव जीवन भण्डारीले कार्यकालको संक्षिप्त विवरण दिए। निवर्तमान अध्यक्ष सूर्य नारायण बरालले आफ्नो नव नियुक्त अध्यक्षलाई ग्याभल, ह्यामर र चार्टर प्रमाणपत्र हस्तान्तरण गरे।

अध्यक्ष पौडेलले आफ्नो कार्यकालमा सम्पन्न गर्ने कार्ययोजना सार्वजनिक गर्दै वर्षको बोर्ड अफ डाइरेक्टर्स २०२५/२६ को घोषणा र सपथ गराए। कार्यक्रममा दुई जना नयाँ सदस्यहरु पुरुषोत्तम कुँवर र प्रकाश आचार्यलाई एसिस्टेन्ट गभर्नर बाबुराम बरालले इन्डक्ट गराए भने यस बर्षको भोकेशनल सर्भिस अबार्ड हरिलो उद्योगकी महिला उद्यमी रोशनी शर्मालाई प्रदान गरियो। सोही कार्यक्रममा ज्येष्ठ नागरिक सम्मान स्वरुप सरस्वती पौडेललाई सम्मान गरिएको थियो।

लायन्स इन्टरनेशनल ३२५ का मल्टिपल काउन्सिल चियर पर्सन मिलन थापा, मणिपाल अस्पतालका प्रमुख कार्यकारी अधिकृत अनिल वोडुविल तथा गण्डकी प्रदेश सरकारका प्रेस रजिष्ट्रार विमला भण्डारीले शुभकामना मन्तब्य दिएका थिए। उक्त अवसरमा यस वर्षको बार्षिक मुखपत्र द रोटरी इमेज सार्वजनिक गरिएको थियो। पूर्व अध्यक्ष सोनी ढेवाजुको संयोजकत्वमा सम्पन्न कार्यक्रममा पूर्व अध्यक्ष प्रा बिनोद हेज्यु, महेन्द्र गोदार, केशव आचार्य, कृष्णप्रसाद घिमिरे तथा युथ चियर शिव कोइरालाले समेत बोलेका थिए। कार्यक्रमको सञ्चालन सचिव शिवहरि आचार्यले गरेका थिए।

# गोर्खाका फोटोग्राफर एकजुट, भट्टको नेतृत्वमा समिति चयन

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार



गण्डकी प्रदेशका क्रियाशील फोटोग्राफरहरूको साझा संस्था फोटोग्राफर संघ गण्डकीले आफ्नो संस्थागत विस्तार अभियान अन्तर्गत गोर्खा जिल्लामा विशेष कार्यक्रम सम्पन्न गरेको छ। कार्यक्रममा गोर्खाका अग्रज फोटोग्राफर रामप्रसाद भट्टको अध्यक्षतामा नयाँ जिल्ला समिति चयन गरिएको छ।

उक्त कार्यक्रमका प्रमुख वक्ताका रूपमा फोटोग्राफर संघ गण्डकीका अध्यक्ष नारायण बहादुर केसीले गोर्खा जिल्ला समितिको गठन सँगै संघले पूर्णता पाएको बताउँदै अब सबै मिलेर फोटोग्राफर हरूको हकहित र व्यावसायिक सशक्तिकरणको पक्षमा आवाज उठाउने प्रतिबद्धता जनाउनुभयो। त्यसैगरि फोटोग्राफर संघ गण्डकीका संस्थापक अध्यक्ष तथा नेपाल फोटोग्राफर महासंघ नेपालका उपाध्यक्ष दुर्गाप्रसाद पौडेलले व्यावसायिक एकता र संस्थाको आवश्यकताका बारेमा प्रकाश पार्नुभएको थियो।संस्थाका बरिष्ठ उपाध्यक्ष तथा नेपाल फोटोग्राफर महासंघ नेपालका कोषाध्यक्ष तुलसीराम सुबेदीले संघको वैधानिक पक्ष, संरचना, र स्थानीय देखि केन्द्र सम्मको सहकार्यको महत्व बारे जानकारी दिनुभयो। कार्यक्रममा पोखरा फोटोग्राफर संघका अध्यक्ष भक्तबहादुर तामाङ, पर्वत फोटोग्राफर संघका अध्यक्ष विजय शर्मा जैसी, तनहुँ फोटोग्राफर संघका अध्यक्ष आलोक कुमाल, नवलपुर फोटोग्राफर संघका अध्यक्ष कुशल अधिकारी, साथै स्याङ्जा र बागलुङ जिल्लाका प्रतिनिधिहरूको समेत उपस्थिति रहेको थियो। सहभागी जिल्ला अध्यक्षहरू र प्रदेश प्रतिनिधिहरुले नवगठित समितिलाई बधाई तथा सफल कार्यकालको शुभकामना प्रकट गरे। कार्यक्रममा फोटोग्राफर संघ गण्डकीका महासचिवले प्रेम प्रसाद पराजुलीले फोटोग्राफर संघ गण्डकीलाई प्राप्त गोर्खा जिल्ला समिति को प्रस्तावीत नामावली प्रस्तुत गर्नुभएको थियो भने सो प्रस्तावीत नामावलीलाई सर्वसम्मत पारित गरिएको थियो।

नवगठित गोर्खा समितिमा अध्यक्षः रामप्रसाद भट्ट,उपाध्यक्षः सबिन केसी, सचिवः सुकबहादुर नेपाली,सह-सचिवः पारस बोगटी,कोषाध्यक्षः गणेश श्रेष्ठ,सदस्यहरूमा सम्भु श्रेष्ठ, सजिन थापा, प्रमिला आले, सञ्जीत श्रीमल रहनु भएको छ। कार्यक्रमको संचालन सचिव सुकबहादुर नेपालीले गर्नु भएको थियो भने स्वागत मन्तव्य उपाध्यक्ष सबिन केसीले राख्नुभएको थियो। नवगठित समितिलाई गण्डकी फोटोग्राफर संघका अध्यक्ष नारायणबहादुर केसीले खादा लगाई सम्मान गर्नुभएको थियो। त्यस अघि गोर्खाको बारपाकमा फोटोग्राफर संघ गण्डकीको अर्न्तकृया सहितको कार्यक्रम सम्पन्न भएको थियो।

# लायन्स क्लव अफ पोखरा फूलवारीको अध्यक्षमा गोविन्द

**पोखरापत्र संवाददाता**
पोखरा, २२ असार



लायन्स क्लव अफ पोखरा फूलवारीमा २०२५-२६ को लागि गोविन्दराज अधिकारी चयन भएका छन्। हालै सम्पन्न भएको ह्याण्ड ओभर कार्यक्रवाट अधिकारीले अध्यक्ष पद समालेका हुन्। अधिकरी क्लवको प्रथम उपाध्यक्षमा टिकाराम कार्की, द्धित्तिय उपाध्यक्षमा रवि भण्डारी, तृत्तिय उपाध्यक्षमा छविलाल पौडेल, सचिवमा विवस पौडेल, कोषाध्यक्षमा होमनाथ आचार्य र निर्देशकहरुमा क्रमश डा. सुदिररमण पराजुली, संगिता पौडेल र दिपक केसी रहेका छन्। क्लवको सल्लाहकारमा राजु बाबु कार्की, र कुलराज वराल चयन भएका छन्। सिनीयर डिष्ट्रिक चिफ शंकर वहादुर जीले कार्यक्रमको उद्घाटन गरेका थिए। निवर्तमान सचिव दिपक केसीले कार्यक्रम संचालन गरेका थिए। कार्यक्रममा सिनिएर डिष्ट्रिक एडभाइजर गविन्द प्रसाद गौतम, डिष्ट्रिक चिफ संजय बस्नेत, डिष्ट्रिक चिफ गुरुप्रसाद पौडेलको उपस्थित रहेको थियो।

## खराब...

लागि वित्त नीतिले नेतृत्व गरेर ऊर्जा, सडक, पुलजस्ता ठूला पूर्वाधार क्षेत्रमा लगानी विस्तार गर्न अतिआवश्यक भइसकेकामा उहाँको जोड थियो।

वित्त नीति र मौद्रिक नीतिबीच समन्वय चाहिन्छ भन्नेमा आफू स्पष्ट रहेको उल्लेख गर्दै गभर्नर पौडेलले पछिल्लो समय मौद्रिक नीति बैंक तथा वित्तीय संस्थाका वासलातमाभन्दा पनि सूक्ष्म सूचक व्यवस्थापनमा केन्द्रित हुनुपर्ने अवस्था रहेको बताउनुभयो। बैंक तथा वित्तीय संस्था परिसङ्घ नेपाल (सिबिफिन) का वरिष्ठ उपाध्यक्ष राजेश उपाध्यायले ब्याजदर कम हुँदा पनि कर्जा बढ्न नसक्नुको प्रमुख कारण बचतयोग्य आम्दानी घट्नु रहेको बताउनुभयो। “हाम्रो खर्च बढेको छ, तर आम्दानी बढ्न सकेको छैन, युवा पलायनले उपभोक्ता बजारमा उपभोग घटेको छ”, उपाध्यायले भन्नुभयो।

चालुपुँजी कर्जा मार्गदर्शन आवश्यक रहे पनि सही समयमा नआएको उहाँको तर्क छ। त्यस्तै ऋण असुलीसम्बन्धी कानुनका व्यवस्था कडा रहेको र यसलाई केही खुकुलो बनाउन सक्नुपर्ने उहाँले बताउनुभयो। खराब कर्जा बढ्नु बैंकको मात्र समस्या नभई सामाजिक समस्याका रुपमा देखिएको धारणा उपाध्यायले राख्नुभयो। “खराब कर्जाको सामाजिक पाटो पनि हेरेर यससम्बन्धी कानुनी व्यवस्थालाई खुकुलो बनाइनुपर्छ, सरकारले निर्माण व्यवसायीलाई गर्नुपर्ने भुक्तानी समयमा गर्न नसक्नु र सहकारी क्षेत्रमा देखिएको समस्याले पनि खराब कर्जाको आकार बढेको देखिन्छ”, उहाँले भन्नुभयो।

खराब कर्जाको समस्या समाधानका लागि सम्पत्ति व्यवस्थापन कम्पनीले केही भूमिका खेल्नसक्ने उपाध्यायको भनाइ छ। अधिक तरलताको विद्यमान अवस्थामा आगामी आवको मौद्रिक नीतिले तरलताको व्यवस्थापन कसरी गर्ने भनेर केन्द्रमा राख्नुपर्ने सुझाव उहाँको थियो। कार्यक्रममा अर्थशास्त्री डा मेनुका कार्कीले वित्त नीतिमा समन्वय हुनेगरी मौद्रिक नीतिका व्यवस्था आउन नसकेको र अर्थतन्त्र सुधारका लागि मौद्रिक नीतिमा बढी निर्भर हुनुपर्ने अवस्था सिर्जना भएको बताउनुभयो। “विस्तारकारी मौद्रिक नीति आउँदा वित्त नीति पनि विस्तारकारी रुपमा आउन सक्नुपर्नुपर्ने हो, तर वित्त नीति सङ्कुचनकारी नै देखिन्छ”, कार्कीले भन्नुभयो।

निजी क्षेत्रको कर्जा विस्तारलाई वित्त नीतिबाट नभई मौद्रिक नीतिमार्फत हेरिनुपर्ने धारणा उहाँको थियो। त्यस्तै, घरजग्गा धितोमा आधारित कर्जा विस्तार गर्नेभन्दा भने व्यवसायमा आधारित धितोमा कर्जा प्रवाहलाई बढावा दिनुपर्ने उहाँको सुझाव थियो। जग्गाको कित्ताकाँट रोकिँदा घरजग्गा क्षेत्रमा समस्या देखिएको र यसले पनि कर्जा विस्तार बढ्न नसकेको कार्कीको भनाइ छ।

“आयुर्वेदोऽमृतानाम:”
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : विसन्तानपन, सेतोपानी बग्ने, योनी चिल्लाउने,महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी
डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि
डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि
डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

